# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.

# चौबीसौं वार्षिक साधारण सभाको

## छलफल तथा निर्णयहरुको विवरण

## (माइन्यूट)

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
पो.ब. २०७८९, मध्यबानेश्वर, काठमाडौं
फोन नं. : ४४६८०४३

# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
# चौबीसौं वार्षिक साधारण सभामा भएका
# छलफल तथा निर्णयहरुको विवरण (माइन्यूट)

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.को मिति २०७९/११/१८ का दिन बसेको संचालक समितिको ३९४ औं बैठकको निर्णय अनुसार बोलाइएको संस्थाको चौबीसौं वार्षिक साधारण सभा २०७९ साल चैत्र १० गते शुक्रबार (March 24, 2023) का दिन बिहान ११:०० बजे अमृतभोग, कालिकास्थान, काठमाडौंमा सञ्चालन भयो । साधारण सभा सम्बन्धी सूचना मिति २०७९/११/१९ र २०७९/१२/१ को अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

सोही सूचना बमोजिम संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीको सभापतित्वमा सम्पन्न भएको साधारण सभामा रहेको शेयरधनीहरुको उपस्थिति, सभाको वैधानिकता र छलफलका विषयहरु तथा सभामा भएको छलफल तथा निर्णयहरु निम्न बमोजिम रहेको छ ।

**१. सभा भएको मिति, समय र स्थान**

मिति : २०७९/१२/१० गते शुक्रबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : अमृतभोग, कालिकास्थान, काठमाडौं ।

**२. उपस्थिति, गणपुरक संख्या र सभा संचालन**

संस्थाको चौबीसौं वार्षिक साधारण सभामा ६ जना संचालकहरुको उपस्थिति रहेको थियो । कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) र संस्थाको नियमावलीको नियम ५ अनुसार कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा कुल शेयर संख्या १,२४,१०,६६३ मध्ये ८३,०४,३०८ शेयरको प्रतिनिधित्व हुने गरी ६६.९१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी २६१ जना सेयरधनीहरु उपस्थित हुनु भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) र संस्थाको नियमावलीको नियम ५ बमोजिम आवश्यक गणपुरक संख्या पुरा भई प्रचलित कानून बमोजिम विधिवत रुपमा सभा संचालन गर्न मिल्ने भएकोले संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीको सभापतित्वमा सभा संचालन भएको थियो ।

**३. <u>छलफलका विषयहरु</u>**

**(क) साधारण प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदनमाथी छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षण प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०७८/७९ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सोसंग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूँजीरु. १,२४,१०,६६,३२७- को १.३६८४% ले हुने रकम रु. १,६९,८३,०१३।- नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/८० को संस्थाको हिसाव किताव लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

५. संचालकहरुको कार्यकाल मिति २०७९/९/२० सम्म रहेकोमा नेपाल राष्ट्र बैंकको स्वीकृती बमोजिम प्रचलित ऐन नियम तथा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी नियमावली २०७३ को अधिनमा रही संचालकहरुको कार्य अबधि गाभिएपश्चात प्रचलित कानुन बमोजिम पुन: निर्वाचन नभएसम्मको अबधीको लागी थपगर्न स्वीकृती प्रदानगरिए अनुसार उक्त थपभएको कार्यकाल अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

१. यस संस्थाको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन स्वीकृत गर्ने ।

२. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. १,२४,१०,६६,३२७- को २६% ले हुनआउने रकम रु. ३२,२६,७७,२४५।- बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (fraction) लाई पहिलेको भिन्न अंकसंग समायोजन गरी बाँकी हुनआउने भिन्नअंक पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

३. यस संस्थाको ठेगाना परिवर्तन भएको ब्यहोरा र बोनस शेयर जारी गर्दा बृद्धी हुने पूँजी समायोजन गर्न वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

४. यस आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. यस आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागी मूल्याङ्कनकर्ता SAR Associates ले पेश गरेको सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा यस आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. को १०० कित्ता शेयर बराबर मर्जर पछिको संस्थाको ८७ कित्ता शेयर

प्राप्त हुने गरी शेयर आदान प्रदान अनुपात (१००:८७) कायम गर्नस्वीकृति प्रदान गर्ने ।

६. यस आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम संझौतापत्र तथा अन्यभए गरेका संझौताहरुको अनुमोदन गर्ने ।

७. संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागी दुबै संस्थाको चलअचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) र उक्त प्रतिवेदन तयार गर्न नियुक्त गरिऐको लेखापरीक्षक/ मुल्याङ्कनकर्ताको नियुक्ति, निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

८. संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागीआवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

९ सस्था एक आपसमा गाभिए (मर्जर) पश्चात बन्ने संस्थाको प्रबन्धपत्र तथा नियमावली स्वीकृत गर्ने ।

१०. प्रबन्धपत्र तथा नियमावलीमा गर्नु पर्ने संशोधनहरुमा नियमनकारी निकायहरुले परिवर्तन गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक परिमार्जन गर्नुपर्ने भएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

(ग) **विविध ।**

## ४. छलफल तथा निर्णयहरु

४.१ संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीले समितिको तर्फवाट संस्थाको आ.ब. २०७८/७९ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । प्रतिवेदनको प्रस्तुती पछि अध्यक्षबाट प्रस्तुत वार्षिक प्रतिवेदन तथा शेयरधनीहरुलाई उपलब्ध गराइएको आ.व. ०७८।०७९ को आर्थिक बिवरणमा राय, सुझाव, प्रतिकृया वा जिज्ञासन भएमा राख्न शेयरधनीहरुलाई अनुरोध गरिएकोमा निम्न बमोजिम ८ जना शेयरधनीहरुले आफ्नो राय, सुझाव, सहित मन्तब्य राख्नु भएको थियो :

(१) श्री शत्रुघन श्रेष्ठ

आरएमडीसी गरीब तथा बिपन्न बर्गलाई वित्तीय तथा गैह्र वित्तीय सेवा प्रदान गर्ने एक गौरवशाली संस्था रहेको बताउनु भयो । संस्थाले स्थापनाकालदेखी नै आफ्ना शेयरधनीहरुलाई राम्रो लाभांश प्रदान गर्दै यस वर्ष पनि शेयरधनीहरुलाई उचित प्रतिफल/लाभांश प्रदान गर्न सक्षम भएकोमा आरएमडीसी परिवारलाई धन्यबाद दिन्छु भन्नु भयो । संस्था सवल, सुशासन, सुदृढ रहेको, संस्थामा इमान्दार र लगनशील कर्मचारी रहेको हुँदा संस्थाको वित्तीय बिबरणहरु राम्रो रहेको, ऋणको गुणस्तर लगायतका सूचकांकहरु पनि रम्रा रहेको बताउनु भयो । संस्था सक्षम र सवल रही रहेको अवस्थामा मर्जमा जाने निर्णय गरेको भन्दै नेपाल राष्ट्र बैंकको मर्जर सम्बन्धी नीति तथा यस संस्थाको मर्जरमा जाने प्रस्ताव प्रति असहमति जनाउनु भयो । साना किसान विकास लघुवित्त संस्था

भन्दा आरएमडीसी कुनै पनि कुरामा कमजोर नरहेको अवस्थामा मर्जरको निर्णयले भविश्यमा पश्चाताप गर्नु पर्ने अवस्था आउन सक्ने जिकिर गर्दै नियामक निकायले मर्जमा जान सुझाव दिएको भए पनि शेयर आदन प्रदान अनुपात १:१ कायम गरेर मात्र जानु पर्ने धारणा राख्नु भयो ।संचालकहरुले आगामी दिनमा शेयरधनीहरुलाई कम्तीमा पनि ३० प्रतिशत लाभांशको प्रतिबद्धता जनाउनु पर्ने भन्ने सुझावहरु दिदैं आफू मर्जर प्रस्तावको बिपक्षमा रहेको बताउनु भयो ।

(२) श्री उद्धव प्रसाद घिमिरे

संस्थाले शेयरधनीहरुलाई राम्रो प्रतिफल दिन सफल गराउने संचालक समिति तथा कर्मचारी टिमलाई धन्यबाद दिन्छु भन्नु भयो । बाह्य संस्थाबाट सम्पति तथा दायित्वको मूल्याङ्कन गराई तय गरेको शेयर आदान प्रदान अनुपात १००:८७ सन्तोषजनक रहेको बताउनु भयो । मर्जर पश्चात बन्ने संस्थामा प्रमुख कार्यकारी अधिकृत पछिको दोश्रो बरियतामा आरएमडीसीका का.मु. प्रमुख कार्यकारी अधिकृत हुनुपर्ने, कम्पनी सचिवको जिम्मेवारी यस आरएमडीसीका कम्पनी सचिवले पाउनु पर्ने साथै अन्य कर्मचारीहरुको समेत स-सम्मान समायोजन हुनु पर्ने भनी सुझाव राख्नु भयो । हाल बजारमा देखिएको असहज परिस्थिति जस्तोः लघुवित्तको ऋण मिनाहा, लघुवित्त संस्थाको खारेजी लगायतका मागहरु प्रति नेपाल सरकार र नेपाल राष्ट्र बैंक मुकदर्शक जस्तो बनेकोमा आरएमडीसीको भुमिका बढाउनु पर्ने, मर्जर पश्चात बन्ने संस्थाको लोगोमा आरएमडीसीको पहिचान समेत आउनु पर्ने, मर्जर भन्दा अगावै सम्भव भए आरएमडीसीको २४ बर्षे ईतिहास/योगदान झल्किने गरी स्मारिका तयार गरी प्रकाशन गर्नु पर्ने, संयुक्त कारोबारको दिनलाई एक उत्सवको रुपमा मनाउने र सम्भव भएमा शेयरधनीहरुलाई समेत सो उत्सवमा सहभागी गराउनु पर्ने लगायतका सुझावहरु दिदै मर्जरको सफलताको कामनाका साथै संस्थाको उतरोत्तर प्रगतिको कामना गर्नु भयो ।

(३) श्री मेजर कुवेर श्रेष्ठ

यस संस्थाको २४ औं वार्षिक साधारण सभामा पहिलो पटक सम्बोधनको मौका पाएको र संस्थाले २७.३६४८ प्रतिशत लाभांश दिनु भएको र संस्थाले यस वर्षबाट आफ्नै घरबाट केन्द्रीय कार्यालय संचालन गरेकोमा संचालकहरुलाई धन्यवाद दिनु भयो । संचालक समितिमा ३ जना महिला संचालकहरु देख्दा धेरै खुशी लागेको कुरा व्यक्त गर्नु भयो । संस्थाको EPS र बोनस बराबर जस्तो हुँदा संस्थाको जगेडा कोष कमजोर हुन जाने हुँदा त्यसतर्फ सजक हुनु पर्ने, संस्थाको शेयर मुल्य रु.१,८००/– पुरिसकेकोमा हाल आएर शेयरको मुल्य रु ७००/–को हाराहारीमा आईसकेको हुँदा लगानीकर्ताहरु मारमा परेको, मर्जर पश्चात कम्तीमा पनि ३० प्रतिशत बोनस दिलाउने प्रतिवद्धता संचालकहरुले गर्नु पर्ने सुझाव दिनु भयो ।

(४) श्री ब्रम्हदेव शाक्य

संस्थाले गरीब तथा बिपन्न बर्गलाई सहज तथा सुलभ रुपमा वित्तीय तथा गैह्र वित्तीय सेवाका साथमा संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गराउँदै शेयर धनीहरुलाई राम्रो प्रतिफल दिदै आएकोमा संचालकहरुलाई धन्यबाद दिन्छु भन्नु भयो । लघुवित्तको बिरोध सडक देखी सदन सम्म चलिरहेकाले कर्जा नतिर्नेहरुले आर्थिक अराजकता निम्त्याएको औल्याउदै यस प्रति संस्था सजक हुनु पर्ने साथै संस्था मर्ज हुन लागेकोले संस्था, संस्थाका कर्मचारी, सम्पत्ती तथा दायित्व लगायतका सम्पूर्ण कुरामा मनमुटाव, पक्ष विपक्ष नहुने गरी मर्जरको सफल कार्यान्वयन होस भन्ने शुभकामना सहित यस सभामा पेश भएका सम्पूर्ण प्रस्तावहरुमा समर्थन रहेको बताउनु भयो ।

(५) श्री राम गोपाल महर्जन

संस्थाले यस वित्तीय संकटको समयमा पनि शेयरधनीहरुलाई राम्रो प्रतिफल दिदैं आएकोमा संचालकहरुलाई धन्यबाद दिन्छु भन्नु भयो । राम्रो प्रतिफल दिदैं गरेको यस संस्थाको मर्जर हुँदा १००:८७ स्वाप अनुपात हुनुले मर्जरमा जाने निर्णय हतार हतारमा गरेको जस्तो देखिएको, सहकारीमा ऋृण नतिर्ने र संचालकहरु फरार हुने दरमा बृद्धी भएकाले सहकारी तर्फको ऋृण लगानी जोखिम पूर्ण हुन सक्ने देखिएको, फरवार्ड लघुवित्तको संस्थापक शेयरलाई निशर्ग गर्न ढिलाई गर्न नहुने, मर्जर पश्चात बन्ने संस्थाको नामको बारेमा यस प्रतिवेदनमा उल्लेख गर्नु पर्ने, भुक्तानी दिन बाँकी रहेका लाभांश रकम देखिएकाले सोको भुक्तानी यथाशिघ्र गर्ने ब्यवस्था गर्नु पर्ने लगायतका सुझावहरु दिदै मर्जरको सफलताको लागि शुभकामना दिनु भयो ।

(६) श्री ईन्द्र कृष्ण श्रेष्ठ

संस्थाले शेयरधनीहरुलाई राम्रो प्रतिफल दिनुका साथै साधारण सभा संचालन गर्दा शान्त बातावरण सहितको सुगम ठाँउमा संचालन गरेकोमा संचालक लगायत आरएमडीसी परिवारलाई धन्यबाद दिन्छु भन्नु भयो । आफू साना किसान लघुवित्त वित्तीय संस्था र आरएमडीसी दुबैको शेयरधनी भएतापनि यस संस्थाको ख्याती, नाम तथा बिरासत निकै ठूलो रहेको हुँदा हतार हतारमा साना किसान लघुवित्त वित्तीय संस्थासँग मर्जरको निर्णय गरेको देखिएको, मर्जर पश्चात पनि साना लगानी कर्ताहरुको हक हित सुरक्षित गर्नु पर्ने, ३१५ वटा साझेदार संस्थाहरुको संख्यामा बृद्धी गरी ऋृणको भार कम गर्नु पर्ने, भुक्तानी गर्नु पर्ने बाँकी लाभांश रकमको भुक्तान यथासम्भव छिटो भुक्तान दिनु पर्ने, आर्थिक प्रतिवेदन नेपाली भाषामा प्रकाशन गर्नुपर्ने, साधारण सभाको सूचना मोबाईल म्यासेजमा दिई खर्चमा मितब्ययीता गर्नुपर्ने, बार्षिक प्रतिवेदन समयमा नै शेयरधनीहरुलाई उपलब्ध गराउनु पर्ने लगायतका सुझावहरु दिदै सरकारलाई कर, शेयरधनीलाई उच्च लाभांश, संस्थालाई जगेडा कोष, कर्मचारीलाई बोनस दिदै संस्थाले घर जग्गा खरिद गर्न सफल भएकोमा आरएमडीसी परिवारलाई धन्यबाद दिन्छु भन्दै मर्जरको सफलताको कामना गर्नु भयो ।

(७) श्री गणेश कुमार दहाल

संस्थाले शेयरधनीहरुलाई राम्रो प्रतिफल दिएको, निस्कृय कर्जा ०.०५ प्रतिशत मात्र कायम गर्न सफल भएको, सर्वसाधारण शेयरधनीहरुलाई निर्धक्क साथ सौहार्दपूर्ण बातावरणमा आफ्नो कुरा राख्ने वातावरण दिनुभएकोमा आरएमडीसी परिवारलाई धन्यबाद दिन्छु भन्नु भयो । यो साधारण सभा आरएमडीसीको अन्तिम साधारण सभा हुने भन्दै मर्जर पश्चात सर्वसाधारण शेयरधनीले यस प्रकारको वातावरण पाउने कुरामा शंका व्यक्त गर्दै, ऋणको गुणस्तरमा पनि ह्रास आउन सक्नेमा सचेत गराउँदै त्यसतर्फ सजग रहनु पर्ने सुझाव दिनु भयो । संस्थाको सम्पत्ति दायित्व मुल्याङ्कन गर्दा आरएमडीसीको घर जग्गाको मुल्याङ्कनले स्वाप अनुपात १००:९५ सम्म हुनु पर्ने र आरएमडीसीले स्वाप अनुपात १:१ कायम गराउन सक्नु पर्ने थियो भन्ने धारणा राख्नु भयो । अन्तमा मर्जर पश्चात संस्थाको थप प्रगतिको लागी शुभकामना व्यक्त गर्दै संस्थाले हालसम्म हासिल गरेको उपलब्धि प्रति सम्बद्ध सबैलाई धन्यबाद दिनु भयो ।

(८) श्री सुदिप श्रेष्ठ

संस्थाले गरीब तथा बिपन्न बर्गलाई सहज तथा सुलभ रुपमा वित्तीय सेवा प्रदान गदै, असहज परिस्थीतिमा पनि ०.०५ प्रतिशत मात्रमा निस्कृय कर्जा सीमित राखी शेयरधनीहरुलाई २६ प्रतिशत बोनस शेयर दिएकोमा संचालकहरुलाई धन्यबाद दिनुभयो । संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वका काममा तथा ग्राहक संरक्षणमा खेलेको भुमिकाको सराहना गर्दै आगामी दिनमा समेत थप प्रभावकारी रुपमा निरन्तरता दिनु पर्ने कुरामा जोड दिनुका साथै सो सेवा प्राप्त गर्ने सेवाग्राहीहरुको विस्तृत बिबरण समेत वार्षिक प्रतिवेदनमा समेटिनु पर्ने, मर्जर पश्चातको एकिकृत कारोबारको मिति समेत यस सभामा जानकारी दिनु पर्ने लगायतका सुझावहरु दिदै मर्जरको सफलताको लागि शुभकामना दिनु भयो ।

४.२ शेयरधनीहरुबाट आफ्नो राय, प्रतिकृया र सुझाव तथा जिज्ञासा सहित मन्तब्य राख्ने काम सकिएपछि संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीज्यूले शेयरधनी महानुभावहरुले साधारण सभामा उपस्थित भई महत्वपूर्ण राय, सुझाव र प्रतिकृया दिनु भएकोमा सबैलाई धन्यवाद दिनु हुँदै उहाँहरुको जिज्ञासाका सम्बन्धमा देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो:

(क) मर्जरको आवश्यकता सम्बन्धमा स्पष्ट पार्दै अध्यक्ष श्री जोशीले नेपाल राष्ट्र बैंकले मर्जरलाई प्रोत्साहन गरेको हुँदा साना किसान विकास लघुवित्त वित्तीय संस्था संग मर्ज गर्दा संस्थाको पूँजीगत आधार मजबुत हुने, सिनर्जि भई संस्था विशिष्टिकृत संस्थाको रुपमा स्थापना भई प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि हुने, आम्दानी तथा लगानीका नयाँ अवसरहरु प्राप्त हुने, सेवाको गुणस्तरलाई अझ परिस्कृत गरी सेवा प्रदान गर्न सकिन जस्ता कारणले मर्जरमा जाने निर्णय गरिएको भनी स्पष्ट पार्नु भयो ।

RMDC Laghubitta Bittiya Sanstha Ltd.

(ख) शेयर आदान प्रदान अनुपात सम्बन्धमा आरएमडीसी र साना किसान एक आपसमा गाभ्ने/गाभिने प्रयोजनको लागी मूल्याङ्कनकर्ताले पेश गरेको सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा शेयर आदान प्रदान अनुपात १००:८७ कायम हुन आए अनुसार नै सो अनुपात कायम गरिएको कुरा जानकारी गराउनु भयो ।

(ग) मर्जर पश्चात बन्ने संस्थाको नामको सम्बन्धमा आरएमडीसी र साना किसान दुबैको नाम र पहिचान रहने गरी मिलाएर साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. राखिएको कुरा जानकारी गराउनु भयो ।

(घ) मर्जर पश्चात बन्ने संस्थाको लोगोको सम्बन्धमा आरएमडीसी र साना किसान दुवै संस्थाको पहिचान झल्कने गरी नयाँ लोगो बनाइने कुरा जानकारी गराउनु भयो ।

(ङ) मर्जर पश्चात बन्ने संस्थामा यस संस्थाका कर्मचारीहरुको समायोजन सम्मानजनक रुपमा गरिने कुरा पनि स्पष्ट पार्नु भयो ।

५. वार्षिक प्रतिबेदन तथा आर्थिक विवरण माथिको छलफलको क्रममा उठेका जिज्ञासाका सम्बन्धमा अध्यक्षबाट जवाफ दिने काम समाप्त भएपछि बिषयसूची अनुसार सभा समक्ष प्रस्तावहरु पेश भई देहाय बमोजिम निर्णय भएको भयो ।

५.१ सधारण प्रस्तावहरु

५.१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्युले पेश गर्नु भएको वार्षिक प्रतिवेदनमाथि छलफल तथा त्यसमा उठेका जिज्ञासाहरुको जवाफ दिने काम समाप्त भएकोले उक्त वार्षिक प्रतिबेदन पारित होस भनी प्रस्ताव गरिएकोमा प्रस्तुत प्रतिवेदन सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

५.१.२ संस्थाका लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्टस् श्री जे.बी. राजभण्डारी एण्ड डिबीन्सका तर्फबाट चार्टर्ड एकाउण्टेण्ट श्री किरण डंगोलले पेश गर्नु भएको लेखापरीक्षण प्रतिवेदन सहितको नेपाल वित्तीय विवरण मान (NFRS) अनुसार तयार पारिएको संस्थाको आ.व २०७८/७९ को वासलात, नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु सहितको आर्थिक बिवरणहरु स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

५.१.३ संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूँजी रु. १,२४,१०,६६,३२७- को १.३६८४% ले हुने रकम रु.१,६९,८३,०१३/- (अक्षरुपी एक करोड उन्नसत्तरीलाख त्रीयासी हजार तेन्ह) नगद लाभांश (लाभांश कर प्रयोजनका लागि) वितरण गर्न स्वीकृतिको लागि प्रस्ताव पेश गरिएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

RMDC Laghubitta Bittiya Sanstha Ltd.

५.१.४ संस्थाको आर्थिक वर्ष २०७९/८० को हरहिसाब लेखापरीक्षण गर्नको लागि संस्थाको लेखापरीक्षण समिति र संचालक समितिले सिफारिश गरे अनुसार लेखापरीक्षक सुजन काफ्ले एण्ड एसोसियट्स, काठमाडौंलाई लेखापरीक्षकमा नियुक्त गर्ने र लेखापरीक्षण शुल्क बापत रु. १,५०,०००।- (भ्याट बाहेक) पारिश्रमिक दिने निर्णय हुन प्रस्ताव पेश गरिएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

५.१.५संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने संचालकहरु श्री सुजाता जोशी, श्री जयेन्द्र विक्रम शाह, श्री नमिता दीक्षित र श्री समता पन्त (भट्ट) को कार्यकाल मिति २०७९/९/२० सम्म रहेकोमा नेपाल राष्ट्र बैंकको स्वीकृती बमोजिम प्रचलित कानून तथा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी नियमावली २०७३ को अधिनमा रही संचालकहरुको कार्य अवधि गाभिए पश्चात प्रचलित कानुन बमोजिम पुन:निर्वाचन नभएसम्मको अवधीको लागी थप गर्न स्वीकृती प्रदान गरिए अनुसार उहाँहरुको कार्यकाल थप गरिएकोले उक्त थप भएको कार्यकाल अनुमोदन हुन प्रस्ताव गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

५.२ बिशेष प्रस्तावहरु:

५.२.१ यस संस्थाको रजिष्टर्ड/केन्द्रीय कार्यालयको लागि बागमती प्रदेश, काठमाडौं जिल्ला, कामनपा वडा नं. १० मध्यबानेश्वरमा आफ्नै कार्यालय भवन खरीद गरी रजिष्टर्ड/केन्द्रीय कार्यालय रहने गरी ब्यवस्था गरिएकोले सोही बमोजिम संस्थाको ठेगाना परिवर्तन समेत परिवर्तन गर्न आवश्यक भएकोले सो अनुसार ठेगाना परिवर्तन गर्न र सोही ब्यहोरा प्रवन्धपत्र तथा नियमावलीमा समेत संशोधन गर्न स्वीकृतिको लागि विशेष प्रस्ताव पेश गरिएकोमा सो बिशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

५.२.२ संस्थाको संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु. १,२४,१०,६६,३२७।-को २६% ले हुने रकम रु.३२,२६,७७,२४५/-(अक्षरुपी बत्तीस करोड छब्बीस लाख सतहत्तर हजार दुई सय पैतालिस) बराबरको वोनस सेयर वितरण गर्न र उक्त अनुपातमा बोनस सेयर जारी गर्दा बाँकी हुन आउने भिन्न अंक (fraction) लाई पहिलेको भिन्न अंकसंग समायोजन गरी बाँकी हुन आउने भिन्न अंक पछि समायोजन गर्ने गरी यथावत राख्ने गरी वोनस शेयर वितरण गर्न स्वीकृतिका लागि विशेष प्रस्ताव पेश गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो भयो ।

५.२.३ यस संस्थाको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन र बोनस शेयर जारी गर्दा बृद्धी हुने पूँजी समायोजन गर्न संस्थाको अधिकृत पूँजी, जारी पुँजी तथा चुक्ता पूँजी बृद्धि गर्न वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न आवश्यक भएकोले प्रस्तावित संशोधनको तिन महले सहित प्रस्तावित संशोधनको विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गरियो । प्रस्तुत बिशेष

प्रस्ताव उपर सामान्य छलफल पश्चात पेश भए बमोजिम नै प्रबन्धपत्र तथा नियमावलीमा संशोधनको बिशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो । सभाबाट पारित प्रवन्धपत्र तथा नियमावलीको संशोधन अनुसूचिामा संलग्न गरिएको छ ।

५.२.४ आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गरी प्रकृया अगाडी बढाई सकिएको ब्यहोरा प्रस्तुत गर्दै मर्जर सम्बन्धी विशेष प्रस्ताव पेश गरिएकोमा सभाबाट सो बिशेष प्रस्ताव स्वीकृत गर्ने निर्णय भयो ।

५.२.५ आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागी मूल्याङ्कनकर्ता चार्टर्ड एकाउण्टेण्ट SAR Associates ले पेश गरेको सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा यस आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. को १०० कित्ता शेयर बराबर मर्जर पछि बन्ने संस्थाको ८७ कित्ता शेयर प्राप्त हुने गरी शेयर आदान प्रदान अनुपात (१००:८७) कायम गर्ने गरी एक आपसमा मर्ज हुने विशेष प्रस्ताव पेश भएकोमा सभाबाट सो बिशेष प्रस्ताव स्वीकृत गर्ने निर्णय भयो ।

५.२.६ आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम संझौता पत्र तथा सो मर्जर सम्बन्धमा भए गरेका अन्य कार्यहरु र संझौता अनुमोदन हुन विशेष प्रस्ताव पेश भएकोमा सभाले सो बिशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

५.२.७ संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागी दुबै संस्थाको चलअचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) र उक्त प्रतिवेदन तयार गर्न नियुक्त गरिएको लेखापरीक्षक/मुल्याङ्कनकर्ताको नियुक्ति, निजलाई प्रदान गरिएको पारिश्रमिक लगायत तत्सम्बन्धी सबै कार्यहरु अनुमोदन हुन विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो बिशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

५.२.८ संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागी आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउन संचालक समितिलाई अख्तियारी प्रदान गर्न विशेष प्रस्ताव पेश भएकोमा सभाले सो बिशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

५.२.९ आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए (मर्जर) पश्चात बन्ने संस्थाको लागि साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी स्वीकृत गर्ने सम्बन्धी विशेष प्रस्ताव पेश भएकोमा सभाबाट सो बिशेष प्रस्ताव सर्वसम्मतिबाट

पारित गर्ने निर्णय भयो । पारित भएको प्रस्तावित प्रबन्धपत्र तथा नियमावलीमा संशोधन अनुसूचिमा संलग्न छ ।

५.२.१० संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन पश्चात कम्पनी रजिष्ट्रार को कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने विशेष प्रस्ताव पेश भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय भयो ।

अन्तमा सभापतिले सभामा सहभागी सबै शेयरधनी महानुभावहरु, सञ्चालक तथा अन्य पदाधिकारीहरुलाई सभा सूचारु रुपमा सञ्चालन गरी सम्पन्न गर्न दिनु भएको योगदानका लागि धन्यवाद दिदै संस्थाको चौबीसौं वार्षिक साधारण सभा अन्त भएको घोषणा गर्नु भयो । साधारण सभा दिउँसो २:१५ वजे समापन भएको थियो ।

... ... ... ... ... ...
अनिल कृष्ण जोशी
कम्पनी सचिव

... ... ... ... ...
सुजाता जोशी
अध्यक्ष
संचालक समिति

# आरएमडीसी लघुवित्त वित्तीय संस्थालि.
## मध्यबानेश्वर, काठमाडौं

### प्रवन्धपत्रमा संशोधन

आरएमडीसी लघुवित्त बित्तीय संस्था लिमिटेडको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गरिएको छः

१. **प्रबन्धपत्रको दफा २ मा संशोधनः** प्रबन्धपत्रको दफा २ को सट्टा देहाय बमोजिमको दफा २ राखिएको छः

"संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना : (१) यस वित्तीय संस्थाको रजिष्टर्ड ( केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१० मध्यबानेश्वरमा रहनेछ। प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति, स्वीकृति वा इजाजत प्राप्त गरी अन्य स्थानहरुमा पनि शाखा, उपशाखा वा सम्पर्क कार्यालय खोल्न सकिनेछ।

(२) यस वित्तीय संस्थाले नेपाल राज्यको ७७ वटै जिल्लामा कारोवार गर्न सक्ने छ।"

२. प्रबन्धपत्रको दफा ५ मा संशोधनः प्रबन्धपत्रको दफा २ को खण्ड (क), (ख) र (ग) को सट्टा देहाय बमोजिमको खण्ड (क), (ख) र (ग) राखिएको छः

"(क) वित्तीय संस्थाको अधिकृत पूँजी रु.२,००,००,००,०००।- (अक्षरेपि दुई अर्ब) हुनेछ। सो पूँजीलाई प्रतिसेयर रु. १००।- का दरले २,००,००,००० (दुई करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) वित्तीय संस्थाको जारी पूँजी रु.१,५६,३७,४३,५००।- (अक्षरेपि एक अर्ब छपन्न करोड सैंतीस लाख त्रीचालिस हजार पाँच सय) हुनेछ। सो पूँजीलाई प्रति सेयर रु. १००।- का दरले १,५६,३७,४३५ (एक करोड छपन्न लाखसैतीस हजार चार सय पैंतीस) थान साधारण सेयरमा विभाजन गरिएको छ।

(ग) वित्तीय संस्थाको चुक्तापूँजी रु.१,५६,३७,४३,५००।- (अक्षरेपि एक अर्ब छपन्न करोड सैंतीस लाख त्रीचालिस हजार पाँच सय) हुनेछ।"

**आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.**
**मध्यबानेश्वर, काठमाडौं**
**नियमावलीमा संशोधन**

आरएमडीसी लघुवित्त बित्तीय संस्था लिमिटेडको नियमावलीमा देहाय बमोजिम संशोधन गरिएको छ:

१. **नियमावलीको नियम २ मा संशोधन**: नियमावलीको नियम २ को सट्टा देहाय बमोजिमको नियम २ राखिएको छ:

"संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय :- यस संस्थाको रजिष्टर्ड कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१० मध्यबानेश्वरमा रहनेछ र प्रचलित कानुन बमोजिम अनुमति, स्विकृति वा इजाजत लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति स्विकृति वा इजाजत प्राप्त गरी अन्य स्थानमा पनि शाखा, उपशाखा वा सम्पर्क कार्यालयहरु खोली कारोवार गर्न सकिनेछ"।

# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.

## मध्यबानेश्वर, काठमाडौं

## प्रवन्धपत्रमा संशोधन सम्बन्धी तिन महले

| क्र. सं. | दफा/ उपदफा /खण्ड | हालको व्यवस्था | संशोधित प्रवन्धपत्र | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | २ | सेण्टरको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :- (१) यस सेण्टरको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३१ पुतलीसडकमा रहनेछ । नेपाल कानुन बमोजिम, अनुमति वा इजाजत लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी अन्य स्थानमा पनि कार्यालयहरु खोल्न सकिनेछ ।<br>(२) यस सेण्टरको कारोवार गर्ने स्थान नेपाल अधिराज्यको ७५ वटै जिल्ला रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारेबार गर्न सकिनेछ । | संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना : (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१० मध्यबानेश्वरमा रहनेछ । प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति, स्वीकृति वा इजाजत प्राप्त गरी अन्य स्थानहरुमा पनि शाखा, उपशाखा वा सम्पर्क कार्यालय खोल्न सकिनेछ ।<br>(२) यस वित्तीय संस्थाले नेपाल राज्यको ७७ वटै जिल्लामा कारोवार गर्न सक्नेछ ।" | वित्तीय संस्थाले कार्यालयको लागि आफ्नै भवन खरीद गरिएकोले उक्त भवनमा कार्यालय स्थानान्तरण गर्न । |
| २ | ५ (क) | वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,५०,००,००,०००।- (अक्षरेपि एक अर्ब पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिसेयर रु. १००।- का दरले १,५०,००,००० (एक करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाको अधिकृत पूँजी रु.२,००,००,००,०००।- (अक्षरेपि दुई अर्ब) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १००।- का दरले २,००,००,००० (दुई करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ । | संचालक समितिले प्रस्ताव गरे बमोजिम २६ प्रतिशतका दरले बोनस सेयर वितरण गर्दा अधिकृत पूँजी बृद्धि गर्नुपर्ने भएकोले। |
| ३ | ५ (ख) | वित्तीय संस्थाको जारी पूँजी रु.१,२४,१०,६६,३००।- (अक्षरेपि एकअर्ब चौबीस करोड दशलाख छैसट्ठी हजार तीन सय) हुनेछ । सो पूँजीलाई प्रतिसेयर रु. १००।- का दरले १,२४,१०,६६३ (एक करोड चौबीस लाखदशहजार छ सय त्रीसठी) थान साधारण सेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पूँजी रु.१,५६,३७,४३,५००।- (अक्षरेपि एक अर्ब छपन्न करोड सैंतीस लाख त्रीचालीस हजार पाँच सय) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १००।- का दरले १,५६,३७,४३५ (एक करोड छपन्न लाख सैतीस हजार चार सय पैंतीस) थान साधारण सेयरमा विभाजन गरिएको छ । | संचालक समितिले प्रस्ताव गरे बमोजिम २६ प्रतिशतका दरले बोनस सेयर वितरण गर्दा सोही हदसम्म जारी पूँजी बृद्धि गर्नुपर्ने भएकोले । |
| ४ | ५ (ग) | वित्तीय संस्थाको चुक्तापूँजी रु.१,२४,१०,६६,३००।- (अक्षरेपि एक अर्ब चौबीस करोड दशलाख छैसट्ठी हजार तीन सय) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु.१,५६,३७,४३,५००।- (अक्षरेपि एक अर्ब छपन्न करोड सैंतीस लाख त्रीचालीस हजार पाँच सय) हुनेछ ।" | संचालक समितिले प्रस्ताव गरे बमोजिम २६ प्रतिशतका दरले बोनस सेयर वितरण गर्दा सोही हदसम्म चुक्तापूँजी बृद्धि गर्नुपर्ने भएकोले । |

## नियमावलीमा संशोधन सम्बन्धी तिन महले

| क्र. सं. | नियम/ उपनियम /खण्ड | हालको व्यवस्था | संशोधित प्रवन्धपत्र | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | २ | सेण्टरको रजिष्टर्ड कार्यालय :- यस सेण्टरको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३१ पुतलिसडक मा रहनेछ र नेपाल कानुन बमोजिम, अनुमति वा इजाजत लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी अन्य स्थानमा पनि कार्यालयहरु खोल्न सकिनेछ | संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय :- यस संस्थाको रजिष्टर्ड कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१० मध्यबानेश्वरमा रहनेछ र प्रचलिन कानुन बमोजिम अनुमति, स्विकृति वा इजाजत लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति स्विकृति वा इजाजत प्राप्त गरी अन्य स्थानमा पनि शाखा, उपशाखा वा सम्पर्क कार्यालयहरु खोली कारोवार गर्न सकिनेछ । | संस्थाले कार्यालयको लागि आफ्नै भवन खरीद गरिएकोले उक्त भवनमा कार्यालय स्थानान्तरण गर्न । |

RMDC Laghubitta Bittiya Sanstha Ltd.

# आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड

## साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीमा संशोधनका लागि आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.को २४ औं साधारण सभामा प्रस्तुत तीनमहले

("साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडबिच एक आपसमा गाम्ने र गाभिने (Merger) सम्बन्धमा सम्पन्न अन्तिम सम्झौता-पत्र (Final Scheme of Arrangement)" को बुँदा नं. १० मा भएको व्यवस्था अनुसार साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीलाई निरन्तरता दिई सोमा संशोधन प्रस्ताव गर्न संयुक्त मर्जर समितिबाट प्राप्त सिफारिशका आधारमा)

| यम | साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|---|
| 1. | **वित्तीय संस्थाको नाम :** यस वित्तीय संस्थाको नाम साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Limited (छोटकरीमा SKBBL) भनिनेछ जसलाई यसपछि वित्तीय संस्था भनिएको छ । | **वित्तीय संस्थाको नाम** : यस वित्तीय संस्थाको नाम साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan RMDC Laghubitta Bittiya Sanstha Limited (छोटकरीमा SKRBL) भनिनेछ, जसलाई यसपछि वित्तीय संस्था भनिएको छ । | मर्ज हुने दुवै वित्तीय संस्थाले मर्जरपछिको संयुक्त संस्थाको नाम यसैबमोजिम राख्न स्वीकार गरेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| ८ | (२) यस वित्तीय संस्थामा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ :- | (२) यस वित्तीय संस्थामा कम्तिमा १ (एक) जना महिला सहित ७ (सात) जनाको देहाय अनुसारको सञ्चालक समिति हुनेछ । | कम्पनि ऐन, २०६३ को दफा ८६ को उपदफा (२) बमोजिमको व्यवस्था गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| ८ | (क) समूह-'क' संस्थापक शेयरधनीसमूह : यस समूहबाट देहाय अनुसार ४ (चार) जनाले प्रतिनिधित्व गर्नेछन् । (१) कृषि विकास बैंक लि. लगायत बाणिज्य बैंकहरुमध्येबाट मनोनित/ निर्वाचित १ (एक) जना, (२) साना किसान सहकारी संस्थाहरुमध्येबाट १ (एक) जना महिला सहित निर्वाचित ३ (तीन) जना । | (क) समूह-'क' संस्थापक शेयरधनीसमूह : यस समूहबाट संस्थापकका तर्फबाट ४ (चार) जनाले प्रतिनिधित्व गर्नेछन् । | मर्जरका कारण मिलाउनु पर्ने भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| १३ | नभएको | (३) स्वतन्त्र सञ्चालक वा विदेशी बैंक तथा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो उपविनियम (२) अनुसारको शेयर लिन आवश्यक छैन । | स्वतन्त्र सञ्चालक तथा विदेशी बैंक तथा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा स्पष्ट गर्नु पर्ने भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| २० | **कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था :** (१) कार्यकारी प्रमुखको नियुक्ति, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम वित्तीय संस्थाको सञ्चालक समितिले गर्नेछ । | (१) वित्तीय संस्था सञ्चालनका लागि समितिले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, प्रबन्धपत्र र नियमावलीको अधिनमा रही वित्तीय संस्थाको कार्यकारी प्रमुखको नियुक्ति गर्नेछ । | प्रचलित कानुन र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार स्पष्ट गर्न आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| ० (५) | (क) सञ्चालक समितिको निर्णय लागू गर्ने र अध्यादेश, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही वित्तीय संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख, सञ्चालन, व्यवस्थापन र नियन्त्रण गर्ने । | (क) सञ्चालक समितिको निर्णय लागू गर्ने र **प्रचलित कानुन**, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही वित्तीय संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख, सञ्चालन, व्यवस्थापन र नियन्त्रण गर्ने । | भाषा मिलान गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| २३. | **विभिन्न वर्गका शेयर जारी गर्ने व्यवस्था:** प्रचलित कानुनको अधिनमा रही वित्तीय संस्थाले बोनस शेयर तथा हकप्रद शेयर निष्काशन गर्न सक्नेछ । | **विभिन्न वर्गका शेयर जारी गर्ने व्यवस्था:** (१) प्रचलित कानुनको अधिनमा रही वित्तीय संस्थाले बोनस शेयर तथा हकप्रद शेयर निष्काशन गर्न सक्नेछ । | शेयर निष्काशन सम्बन्धमा स्पष्ट गर्न आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा |

| यम | साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|---|
| | | (२) अन्य वर्गको शेयर आवश्यक भएमा नियमानुसार स्वीकृति लिईमात्र जारी गरिने छ । | | गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| | | | | |
| ६. | **शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) वित्तीय संस्थाको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ढाँचामा तोकिएको दस्तुर, शेयर खरिद बिक्रीसँग सम्बन्धित लिखत र शेयरको प्रमाण-पत्र सहित वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ । | **शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) वित्तीय संस्थाको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने **संस्था वा** व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा **प्रकाशित सूचनामा तोकिएको** ढाँचामा तोकिएको दस्तुर, शेयर खरिद बिक्रीसँग सम्बन्धित लिखत र शेयरको प्रमाण-पत्र सहित र डिम्याट गरेको हकमा सो सम्बन्धी व्यवस्था बमोजिम नियमानुसार वित्तीय संस्थाले तोकेको कार्यालयमा वा वित्तीय संस्थाले नियुक्त गरेको शेयर रजिष्ट्रार मार्फत निवेदन दिनु पर्नेछ । | डिम्याट सम्बन्धी हालको व्यवस्था र भाषा मिलाउन आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| (१) | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता जनही रु.६,०००/- ( अक्षरेपी छ हजार मात्र) हुनेछ । | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता जनही **रु.७,५००/- (अक्षरेपी सात हजार पाँचसय मात्र)** हुनेछ । | प्रदान भई आएको बैठक भत्तामा एकरुपता गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| १) (ग) | (अ) काठमाडौं उपत्यका बाहिरबाट सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा वा वित्तीय संस्थाको कामको सिलसिलामा काठमाडौं आउँदा वा काठमाडौं उपत्यका बाहेक अन्यत्र वित्तीय संस्थाको काजमा खटिइ जाँदा दैनिक भत्ता रु.२,५००/- दरले उपलब्ध गराइने छ । | अ) वित्तीय संस्थाद्वारा बोलाएइका सञ्चालक समितिको बैठक लगायतका नेपालभित्र हुने कार्यहरुमा भाग लिन आउँदा/जाँदा बास बस्नु पर्ने अवस्थामा वास्तविक लागतको आधारमा आवास खर्च उपलब्ध गराईने छ । अन्यथा खाना खर्च वापत रु. २,५००/- उपलब्ध गराईनेछ । खाना सहितको आवासीय व्यवस्था उपलब्ध गराईएको हकमा खाना खर्चको आधामात्र प्रदान गरिनेछ । | खाना र आवास खर्चको व्यवस्था बारेमा खुलाई स्पष्ट व्यवस्था गर्नु पर्ने भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| ३१ | (३) वित्तीय संस्थाले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार तयार गरी आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ । | (३) वित्तीय संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफ्नो वासलात तथा नाफा/नोक्सान हिसाबको विवरण नेपाल राष्ट्र बैंकसमक्ष पेश गर्नु पर्नेछ । र, त्यस्तो वासलात र नाफा नोक्सानको विवरण सर्वसाधारणको जानकारीको लागि सोही अवधिभित्र नेपाल राष्ट्र बैंकले तोके अनुसार सार्वजनिक गर्नु पर्नेछ । वित्तीय संस्थाले लेखापरीक्षण भएको प्रत्येक आर्थिक वर्षको वासलात र नेपालभित्र तथा बाहिर भएको कारोबारको नाफानोक्सान हिसाबको विवरण तयार गरी अर्को आर्थिक वर्षको नौं महिना भित्र तोकिएको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५९ बमोजिम हुने गरी मिलान गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| ३१ | (५) साधारण सभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा नेपाल राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ र त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ । | (५) वित्तीय संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था बमोजिम गर्नेछ । त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ । | स्पष्ट पारिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |

| यम | साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|---|
| वलीका स्थानमा | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड | मर्जर पश्चातको नाम संशोधन गर्न आवश्यक भएकोले सोही बमोजिम मिलान गर्न । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. ★ RMDC काठमाडौं २०५५ ★ RMDC Laghubitta Bittiya Sanstha Ltd.

# आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड

## साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्रमा संशोधनका लागि आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.को २४ औं साधारण सभामा प्रस्तुत तीनमहले

("साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडबिच एक आपसमा गाम्ने र गाभिने (Merger) सम्बन्धमा सम्पन्न अन्तिम सम्झौता-पत्र (Final Scheme of Arrangement)" को बुँदा नं. १० मा भएको व्यवस्था अनुसार साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्रलाई निरन्तरता दिई सोमा संशोधन प्रस्ताव गर्न संयुक्त मर्जर समितिबाट प्राप्त सिफारिशका आधारमा)

| साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|
| **वित्तीय संस्थाको नाम** : यस वित्तीय संस्थाको नाम साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan Bikas Laghubitta Bittiyasanstha Limited (छोटकरीमा SKBBL) भनिनेछ, जसलाई यसपछि वित्तीय संस्था भनिएको छ । | **वित्तीय संस्थाको नाम** : यस वित्तीय संस्थाको नाम साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Sana Kisan RMDC Laghubitta Bittiya Sanstha Limited (छोटकरीमा SKRBL) भनिनेछ, जसलाई यसपछि वित्तीय संस्था भनिएको छ । | मर्ज हुने दुवै वित्तीय संस्थाले मर्जरपछिको संयुक्त संस्थाको नाम यसैबमोजिम राख्न स्वीकार गरेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने । |
| (१) (क) नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरु र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरु (यस पछि साझेदार संस्था भनिएको) लाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने । | (क) साना किसान कृषि सहकारी संस्थाहरु, अन्य सहकारी संस्थाहरु, लघुवित्त संस्थाहरु (यस पछि साझेदार संस्था भनिएको) लाई धितो लिई वा नलिई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने । | दुवै वित्तीय संस्थाको प्रबन्धपत्रका उद्देश्य अनुरुप मिलान गर्नु परेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| (१) (घ) संस्थाहरुको संस्थागत एवम् मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने । | (घ) साझेदार संस्थाहरुको संस्थागत एवम् मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने । | स्पष्ट गर्न आवश्यक देखिएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| नभएको | (छ) कृषि, कृषि व्यवासाय, उद्योग, सेवा, व्यापार तथा अन्य उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई मुलुकको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने । | आरएमडीसी लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ३ को उपदफा (च) मा भएको व्यवस्थालाई निरन्तरता दिईएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| नभएको | (ज) प्रचलित कानुनको अधिनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट ऋण वा अनुदान प्राप्त गरी लघुवित्त क्षेत्रको प्रवर्धन तथा विकासका लागि आवश्यक कार्य गर्ने । | आरएमडीसी लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ३ को उपदफा (च) मा भएको व्यवस्थालाई निरन्तरता दिईएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| नभएको | (झ) सम्भाव्यताको आधारमा माग अनुसार संगठित संस्था वा व्यक्तिलाई उद्यम कर्जा (Enterprise Loan) प्रदान गर्ने । | आरएमडीसी लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ३ को उपदफा (च) मा भएको व्यवस्थालाई निरन्तरता दिईएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |

RMDC काठमाडौं २०५५ RMDC Laghubitta Bittiya Sanstha Ltd.

| साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|
| (थ) वित्तीय संस्थालाई मान्य हुने सुरक्षण लिई संस्थाहरुलाई छोटो तथा मध्यम अवधिको थोक कर्जा र पुनरकर्जा प्रदान गर्ने । | (थ) वित्तीय संस्थालाई मान्य हुने धितो वा सुरक्षण लिई वा नलिई संगठित संस्था वा व्यक्तिहरुलाई कर्जा प्रदान गर्ने । | दुवै वित्तीय संस्थाको प्रबन्धपत्रका उद्देश्य अनुरुप मिलान गर्नु परेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| (म) शुल्क लिई वा नलिई संस्थाहरुलाई परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराउने । | (म) शुल्क लिई वा नलिई संगठित संस्था तथा व्यक्तिहरुलाई तालिम, गोष्ठि, अवलोकन/अध्ययन भ्रमण, परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराउने । | सहकारी तथा लघुवित्त क्षेत्रमा सुशासन र क्षमता विकासकोलागि गुणस्तरीय एवम् व्यवहारिक कार्यक्रमको आवश्यकता रहेकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| (ष) साना किसान सहकारी संस्थाहरुलाई अन्य स्थानमा समान प्रकृतिका संस्थाहरुको स्थापना गर्न प्रोत्साहन तथा सहयोग गर्ने । | (ष) सेवा नपुगेका अन्य स्थानमा अनुसरण गरी नयाँ साना किसान कृषि सहकारी संस्थाहरुको स्थापना गर्न आवश्यकता अनुसार साझेदार संस्थालाई प्रोत्साहन तथा सहयोग गर्ने । | समय सापेक्ष संशोधन आवश्यक देखिएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| (ह) संस्थाहरुको वित्तीय स्व-सक्षमता र दीगोपना अभिवृद्धि गर्न आवश्यक उपायहरु अवलम्वन गर्ने, गराउने । | (ह) साझेदार संस्थाहरुको वित्तीय स्व-सक्षमता र दीगोपना अभिवृद्धि गर्न आवश्यक उपायहरु अवलम्वन गर्ने, गराउने । | स्पष्ट गर्न आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| (त्र) वित्तीय संस्थाबाट ऋण वा कुनै प्रकारको सुविधा लिने ऋणी वा संस्थाको विवरण, सूचना वा जानकारी अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग लिने, दिने । | (त्र) वित्तीय संस्थाबाट ऋण वा कुनै प्रकारको सुविधा लिने ऋणी वा संस्थाको विवरण, सूचना वा जानकारी अन्य बैंक तथा वित्तीय संस्था तथा कर्जा सूचना केन्द्र आदिसँग लिने, दिने । | कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था समेत अद्यावधिक गर्न आवश्यक भएकोले । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| (क) वित्तीय संस्थाको अधिकृत पुँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्ब मात्र) हुनेछ । उक्त पूँजीलाई रु.१००/- का दरले २,००,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ । | (क) वित्तीय संस्थाको अधिकृत पुँजी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) हुनेछ । उक्त पूँजीलाई रु.१००/- का दरले ५,००,००,००० थान साधारण शेयरमा विभाजित गरिएको छ । | व्यावसायिक विकास तथा रणनीतिका आधारमा अधिकृत पुँजी वृद्धि गर्नु गर्नु परेकोले । | |
| (ख) वित्तीय संस्थाको जारी पुँजी रु. १,५६,४४,१३,७२७।६० ( अक्षरेपि एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. १,९७,११,६१,२९६।७८ ( अक्षरेपि एक अर्ब सन्तानब्बे करोड एघार लाख एकसट्ठि हजार दुइ सय छयानब्बे रुपैयाँ अठहत्तर पैसा मात्र) हुनेछ । | बोनस शेयर प्रदान पश्चात कायम हुने जारी पुँजी मिलान गर्न आवश्यक भएकोले । | |
| (ख) वित्तीय संस्थाको जारी पुँजी रु. १,५६,४४,१३,७२७।६० (अक्षरेपि एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. ३,३३,१६,१८,२०४।४४ ( अक्षरेपि तीन अर्ब तेत्तिस करोड सोह्र लाख अठार हजार दुइ सय चार रुपैयाँ चवालिस पैसा मात्र) हुनेछ । | मर्जरपश्चात संयुक्त संस्थाको जारी पुँजी जोडिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७।६० (अक्षरेपि एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,९७,११,६१,२९६।७८ ( अक्षरेपि एक अर्ब सन्तानब्बे करोड एघार लाख एकसट्ठि हजार दुइ सय छयानब्बे रुपैयाँ अठहत्तर पैसा मात्र) हुनेछ । | बोनस शेयर प्रदान पश्चात कायम हुने चुक्ता पुँजी मिलान गर्न आवश्यक भएकोले । | |

RMDC Laghubitta Bittiya Sanstha Ltd.

| साविकको व्यवस्था | संशोधनका लागि सहमति भएको व्यवस्था | संशोधनका कारण | कैफियत |
|---|---|---|---|
| (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७।६० (अक्षरेपि एक अर्ब छपन्न करोड चौवालीस लाख तेह्र हजार सात सय सताईस रुपैयाँ साठी पैसा मात्र) हुनेछ । | (ख) वित्तीय संस्थाको चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ ( अक्षरेपि तीन अर्ब तेत्तिस करोड सोह्र लाख अठार हजार दुइ सय चार रुपैयाँ चवालिस पैसा मात्र) हुनेछ । | मर्जरपश्चात संयुक्त संस्थाको चुक्ता पुँजी जोडिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| (५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई वित्तीय संस्थाले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरु बनाई लागू गर्न सक्नेछ । | (५) वित्तीय संस्थाले गर्नु पर्ने काम व्यवस्थित रुपले सञ्चालन गर्न प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही आवश्यक विनियम, निर्देशिका तथा कार्यविधि आदि बनाई लागू गर्न सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ दफा २२(३) मा भएको व्यवस्थासँग मिलान गरिएको । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | साना किसान आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड । | मर्जर पश्चातको नाम संशोधन गर्न आवश्यक भएकोले सोही बमोजिम मिलान गर्न । | नियामक निकायहरुका मर्जर सम्बन्धी सम्पूर्ण प्रकृया पुरा गरेपश्चात संयुक्त कारोबार सञ्चालन हुने मितिबाट लागु हुने |

# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
## सभामा उपस्थिति

अनुसूची-३

संचालकहरु

| क.सं. | संचालकको नाम | प्रतिनिधित्व गरेको समूह/संस्थाको नाम |
|---|---|---|
| १. | श्री सुजाता जोशी, अध्यक्ष | नेपाल इन्भेष्टमेण्ट बैंक लि. |
| २. | श्री जयेन्द्र विक्रम शाह, संचालक | हिमालयन बैंक लि. |
| ३. | श्री नमिता दीक्षित, संचालक | नबिल बैंक लि. |
| ४. | श्री समता पन्त भट्ट, संचालक | नेपाल बैंक लि. |
| ५ | श्री भिम प्रसाद तिमल्सिना, संचालक | सर्वसाधारण सेयरधनी |

RMDC Laghubitta Bittiya Sanstha Ltd.

## संस्थापक र सर्वसाधारण सेयरधनीहरुको उपस्थिति

| क.सं | शेयरधनी संस्था | शेयर संख्या | प्रतिशत | शेयरधनी/प्रतिनिधिको नाम |
|---|---|---|---|---|
| १. | नबिल बैंक लि., तिनधारा, काठमाडौ | १३,१८,६५४ | १०.६३% | श्री नमिता दीक्षित |
| २. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि., नयाँ बानेश्वर, काठमाडौ | १२,४५,६०० | १०.०४% | श्री अमल बस्नेत |
| ३. | हिमालयन बैंक लि., कमलादी, काठमाडौ | ११,४५,५९९ | ९.२३% | श्री जयेन्द्र विक्रम शाह |
| ४. | नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरबार मार्ग, काठमाडौ | ९,१७,७३७ | ७.३९% | श्री टुल जंग पाण्डे |
| ५. | नेपाल बैंक लि., धर्मपथ, काठमाडौ | ८,९२,३७८ | ७.१९% | श्री प्रतिक्षा पौडेल |
| ६. | अन्तर्राष्ट्रिय वित्त निगम(IFC) | ७,१५,९९९ | ५.७७% | श्री रविकान्त अग्रवाल |
| ७. | नेपाल एस.बि.आई. बैंक लि., लैनचौर, काठमाडौ | ४,५०,९५९ | ३.६३% | श्री श्री परीक्षा राणा |
| ८. | एभरेष्ट बैंक लि., लाजिम्पाट, काठमाडौ | ३,९३,९२९ | ३.१७% | श्री केशव पौडेल |
| ९. | एनआईसी एशिया बैंक लि., थापाथली, काठमाडौ | ३,६०,१९९ | २.९०% | श्री प्रबोध शर्मा |
| १०. | सिद्धार्थ बैंक लि., हात्तीसार, काठमाडौं | ३,३४,१३३ | २.६९% | श्री दिपक बराकोटी |
| ११. | ग्लोबल आईएमई बैंक लि., नक्साल, काठमाडौ | २,०५,२२७ | १.६६% | श्री पल्लब अधिकारी |
| १२. | राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरवार, काठमाडौ | १,९७,९७३ | १.६०% | श्री सुनिल सुवेदी |
| १३. | लुम्बिनी विकास बैंक लि., डिल्लीबजार, काठमाडौ | १७,९३१ | ०.१४% | श्री लक्ष्मण फुयाल |

| | | | | |
|---|---|---|---|---|
| १४. | नेपाल लाईफ क्यापिटल लि. | ६,००० | ०.०५% | श्री श्री पुरुषोत्तम थापा र श्री सुदीप गौतम |
| १५. | श्री खगेन्द्र राज अवस्थी | २४० | ०.०० | |
| | संस्थापक सेयरधनीहरु (१५) | ८२,०२,५५८ | ६६.०९% | |
| | सर्वसाधारण सेयरधनीहरु (२४६) | १०१७५० | ०.८२०% | |
| | **कुल जम्मा** | ८३,०४,३०८ | ६६.९१% | |

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. RMDC काठमाडौं २०५५ RMDC Laghubitta Bittiya Sanstha Ltd.